Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित



नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौँ

Volume 18, Issue 10 No. 118 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Baishakh 2076 (May-2019)

# प्रबन्ध निर्देशकको पूर्वाञ्चल भ्रमण

नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीको पूर्वाञ्चल क्षेत्रका विभिन्न कार्यालयहरुको निरीक्षण भ्रमण गरी त्यहाँको वस्तुस्थिति बारे जानकारी लिनुका साथै प्रभावकारी सेवा सञ्चालनका लागि निर्देशनसमेत दिनु भएको छ ।

गत चैत २१ देखि २३ गतेसम्म भएको उक्त निरीक्षण भ्रमणका क्रममा प्रबन्ध निर्देशक अधिकारीले पछिल्लो समयमा सो क्षेत्रमा नेटवर्क विस्तारका लागि भएका कार्यहरु उत्साहप्रद रहेको बताउँदै आगामी दिनमा पनि कम्पनीको सेवा विस्तार, गुणस्तर सुधार र ग्राहकमुखी सेवा प्रदान गर्ने कार्यलाई प्राथमिकता दिन आग्रह गर्नुभयो ।

उहाँले फोरजी सेवा विस्तार गर्ने, एफटीटीएचमार्फत गुणस्तरीय डाटा सेवा प्रदान गर्ने, मध्य पहाडी लोकमार्गमा अप्टिकल फाइबर बिछ्याएर कम्पनीका सेवाहरुलाई अझै गुणस्तरीय र भरपर्दो बनाउने तथा यी सबै सेवाको बजारीकरणका लागि नयाँ योजनाका साथ अगाडि बढ्नका लागि सम्पूर्ण कर्मचारीहरु एकजुटका साथ सक्रिय हुनुपर्ने बताउनु भयो ।

हाल कम्पनीको एडीएसएल सेवा चलाइरहेका ग्राहकहरुलाई कम्पनीको सेवामा कायमै राखेर तीव्र गतिको गुणस्तरीय डाटा सेवा प्रदान गर्नका लागि एफटीटीएच सेवा दिने गरी कार्य प्रारम्भ भइसकेकोले ग्राहकहरुलाई एउटै सेवामार्फत भ्वाइस, डाटा र टीभी सुविधासमेत प्रदान गर्न सकिने स्थिति भएको प्रबन्ध निर्देशकले जानकारी दिनुभयो ।

भ्रमणका क्रममा उहाँले कम्पनीको क्षेत्रीय निर्देशनालय बिराटनगर, दूरसञ्चार कार्यालयहरु : दमक, विर्तामोड, इटहरी, धरान,

(बाँकी ४ पेजमा)

# जनकपुरमा एफटीटीएच शुभारम्भ



सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले २०७५ चैत २९ गते जनकपुरधाममा नेपाल टेलिकमको एफटीटीएच (FTTH-Fiber To The Home) सेवाको औपचारिक शुभारम्भ गर्नुभयो । दूरसञ्चार कार्यालय जनकपुरको प्राङ्गणमा आयोजित सो कार्यक्रममा माननीय मन्त्री बाँस्कोटाले एफटीटीएचमार्फत प्रदेश नम्बर २ का सचिव दीपक सुवेदीलाई टेलिफोन कल गरी सेवाको औपचारिक शुभारम्भ गर्नुभएको हो ।

उक्त कार्यक्रममा बोल्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री बाँस्कोटाले डिजिटल नेपालको अवधारणालाई साकार बनाउदै राष्ट्रको आर्थिक तथा सामाजिक रुपान्तरणमा सहयोग गर्नका लागि नेपाल टेलिकमले सधैँ सरकारलाई साथ दिनुपर्ने बताउनु भयो । उहाँले आगामी वर्ष धेरै आयोजनाहरु सम्पन्न गर्नुपर्ने भएकाले नेपाल टेलिकमको लागि समृद्धिको वर्ष हुने र कम्पनीको सेवाप्रति

(बाँकी २ पेजमा)

# ९० दिनको स्प्रिङ अफर

नेपाल टेलिकमले ग्राहकहरुको सुविधाका लागि विभिन्न प्याकेजसहितको आकर्षक स्प्रिङ अफर (Spring Offer) उपलब्ध गराएको छ । उक्त अफर अन्तर्गतको सेवा २०७५ चैत ३० गते देखि ९० दिनसम्म लिन सकिने व्यवस्था गरिएको छ । यस अघि उपलब्ध विन्टर अफर अन्तर्गतका प्याकेजमा केही थप सुविधासहित स्प्रिङ अफर ल्याइएको छ ।

**१. एक घण्टा अनलिमिटेड प्याक**

यस प्याक अन्तर्गत कम्पनीकै नेटवर्कमा जीएसएम/सीडीएमएका ग्राहकले २० रुपैयाँमा प्याक एक्टिभ भएपश्चात् १ घण्टासम्म निरन्तर भ्वाइस, एसएमएस र डाटा असीमित रुपमा प्रयोग गर्न सक्ने छन् । यसका अलावा दश मिनेटको थप बोनस गरी जम्मा ७० मिनेटसम्म असीमित भ्वाइस/डाटा/एसएमएस प्रयोग गर्न सकिनेछ ।

**२. अल टाइम डाटा प्याक**

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा अल टाइम डाटा प्याकेज प्रयोग गर्न सकिन्छ ।

अल टाइम डाटा प्याक अन्तर्गत १२ रुपैयाँ देखि ९९० रुपैयाँसम्मका प्याक उपलब्ध छन् । यस अन्तर्गत २८ एमबी देखि १२ जीबीसम्मका प्याकेज खरिद गर्न सकिने छ । यी प्याकेज प्रयोग गर्न सकिने समयावधि पनि १ दिन देखि ४२ दिनसम्म हुनेछ । साथै इकोनोमी प्याकको रुपमा एक दिनका लागि २५ रुपैयाँको १०० एमबी, ७ दिनका लागि १०० रुपैयाँको ५०० एमबी र २८ दिनका लागि ५०० रुपैयाँको ४५०० एमबी भोल्युमको इकोनोमी प्याक समेत उपलब्ध गराइएको छ ।

**३. डे डाटा प्याक**

डे डाटा प्याक अन्तर्गत ९ रुपैयाँमा बिहान ६ देखि बेलुकी ६ बजेसम्म एक दिनका लागि ५५ एमबी डाटा चलाउन सकिने छ ।

**४. १ जीबी पर डे डाटा प्याक**

यस प्याक अन्तर्गत ४५ रुपैयाँमा १ दिनका लागि १ जीबी डाटा भोल्युम उपलब्ध हुनेछ । साथै २५० रुपैयाँमा ७ दिनका लागि ७ जीबी र ८५० रुपैयाँमा २८ दिनका लागि २८ जीबी डाटा भोल्युम उपलब्ध हुनेछ ।

**५. नाइट डाटा प्याक**

नाइट डाटा प्याक अन्तर्गत एक रातका लागि ९ रुपैयाँमा १२५ एमबी र ७ रातका लागि ४५ रुपैयाँमा ६३० एमबी डाटा प्रयोग गर्न सकिने छ । यो प्याक राती ११ बजेदेखि बिहान ६ बजेसम्म मात्र प्रयोग गर्न सकिने छ ।

**६. अनलिमिटेड नाइट डाटा प्याक**

अनलिमिटेड नाइट डाटा प्याक अन्तर्गत १ रातका लागि १५ रुपैयाँमा र ७ रातका लागि ८५ रुपैयाँमा अनलिमिटेड डाटा प्रयोग गर्न सकिन्छ । सो प्याक अन्तर्गतको डाटा राती ११ बजेदेखि बिहान ६ बजेसम्म अनलिमिटेड चलाउन सकिन्छ ।

**७. सोसियल मिडिया प्याक**

सोसियल मिडिया डाटा प्याक अन्तर्गत सामाजिक सञ्जाल *फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र ट्वीटर* चलाउन सकिने छ । यस अन्तर्गत ६ रुपैयाँमा ३६ एमबी डाटा १ दिन, ३० रुपैयाँमा १५० एमबी डाटा ३ दिन र ६० रुपैयाँमा ३२५ एमबी डाटा ७ दिनका लागि चौबीसै घण्टा उपलब्ध हुनेछ ।

**८. डाटा स्ट्रिमिङ प्याक**

डाटा स्ट्रिमिङ प्याक अन्तर्गत १२ रुपैयाँमा १५० एमबी डाटा १ दिनका लागि, ३० रुपैयाँमा

(बाँकी २ पेजमा)

## जनकपुरमा एफटीटीएच...

(१ पेजको बाँकी)

आम ग्राहकको उच्च आस्थालाई निरन्तरता दिनका लागिसमेत कम्पनी थप ग्राहकमुखी हुदै जानुपर्ने बताउनुभयो ।

सो शुभारम्भ कार्यक्रमका अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले मुलुकको विकासका लागि सरकारले अवलम्बन गरेको नीतिलाई सफल बनाउन आफ्नो क्षेत्रबाट सशक्त योगदान दिन नेपाल टेलिकम कटिबद्ध रहेको बताउनु भयो । उहाँले कम्पनीका सेवाहरूको विस्तारसँगै बजारीकरणलाई पनि थप मजबुत बनाउदै लगिने जानकारी दिनुभयो ।

सोही अवसरमा नेपाल टेलिकमको वीरगन्ज क्षेत्रीय निर्देशनालयका निर्देशक अमलेन्दु नारायण सिंहले सेवा विस्तार कार्य समयमा नै सम्पन्न गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा नेपाल टेलिकम, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक प्रमोदकुमार परमार, प्रबन्धक राधाकृष्ण ढुंगेल र प्रबन्ध निर्देशकको कार्यालयका उप-प्रबन्धक तथा कम्पनीका सह-प्रवक्ता कृष्ण प्रसाद भण्डारी, दूरसञ्चार कार्यालय जनकपुरका प्रमुख चिन्मय आनन्दलगायत अन्य कर्मचारीहरुको समेत उपस्थिति थियो ।

माननीय मन्त्री बाँस्कोटाले सो अवसरमा दूरसञ्चार कार्यालय जनकपुरको निरीक्षण गर्नुका साथै कर्मचारीहरुलाई छिटोछरितो रुपमा कार्य गर्न तथा ग्राहकमैत्री सेवा प्रदान गर्न निर्देशन दिनु भएको थियो । जनकपुर भ्रमणका क्रममा प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले पूर्वाञ्चल क्षेत्र अन्तर्गतको दूरसञ्चार कार्यालय लहानको निरीक्षण भ्रमणसमेत गर्नु भएको थियो ।








## जनकपुरमा एफटीटीएच

जनकपुरमा हाल दुई हजार लाइनको एफटीटीएच जडित क्षमता रहेकोमा २४० लाइन वितरण भइसकेको र निकट भविष्यमा थप लाइन जडान र वितरण गर्ने कार्यक्रम रहेको छ । जनकपुर क्षेत्रमा ८ एमबीपीएसदेखि ५५ एमबीपीएस सम्मको इन्टरनेट उपलब्ध गराइने छ । वित्तीय संस्थाहरुलाई लिज लाइनको व्यवस्था पनि फाइबरबाट उपलब्ध गराइने छ । एक वर्षका लागि ८ एमबीपीएसको प्याक ८ हजार रुपैयाँमा उपलब्ध गराइने छ । एक थान वाइफाई राउटर र एक सय मिटरसम्म फाइबर निःशुल्क उपलब्ध गराइने छ । नयाँ लाइन जडानको समयमा भ्वाइस सेवा तीन महिनाका लागि निःशुल्क उपलब्ध गराइने छ ।

हाललाई यो सुविधा जनकपुरको भानुचोकदेखि शुभचोक, रेलवे स्टेसन, वकिल टोल एरिया र विद्यानगरसम्म उपलब्ध गराइने छ । यस्तै जनकपुर चुरोट कारखाना पूर्व गेटदेखि पिडारी चोक पूर्वसम्म परिक्रमा सडकमा र जनकचोकदेखि भानुचोकसम्म मेनरोडमा उपलब्ध छ । निकट भविष्यमा अरु क्षेत्रमा पनि नेटवर्क विस्तार गर्ने कार्यक्रम रहेको छ ।

नेपाल टेलिकमले मुलुकका विभिन्न शहरी क्षेत्रमा एफटीटीएच सेवाको वृहत विस्तारका लागि आवश्यक पूर्वाधार निर्माणका साथै सेवा वितरण गरिरहेको छ ।

एफटीटीएच सेवा अन्तर्गत इन्टरनेट सेवाको साथै आईपी प्रविधिमार्फत चल्ने भ्वाइस टेलिफोन सेवा समेत प्रयोग गर्न सकिन्छ । त्यसैगरी केही समयमा टेलिभिजन समेत चलाउन सकिने छ । परम्परागत तामाको तारको सट्टामा ग्राहकहरुको घरसम्म अप्टिकल फाइबर पुर्‍याई ट्रिपल प्ले अर्थात भ्वाइस, उच्च गतिको इन्टरनेट र भिडियो सेवाहरु प्रदान गर्न सकिने भएकोले ग्राहकहरुको लागि यो सेवा प्रभावकारी छ । पहिले एडीएसएल प्रयोग गरिरहेका ग्राहकले समेत एफटीटीएच सेवा अपग्रेड गरी लिन सकिने सुविधा रहेको छ । यो आईपीमा आधारित सेवा हो ।

हाल शहरी क्षेत्रका ग्राहकहरुलाई उच्च क्षमताको डाटा सेवा प्रदान गर्न काठमाडौं उपत्यकालगायत मुलुकका मुख्य-मुख्य शहरहरुमा थप नेटवर्क विस्तार गरी ग्राहकहरुलाई सेवा प्रदान गर्ने कम्पनीको लक्ष्य रहेको छ ।

---

(१ पेजको बाँकी)

## ९० दिनको स्प्रिङ ...

४०० एमबी डाटा ३ दिनका लागि र ६० रुपैयाँमा ९०० एमबी डाटा ७ दिनका लागि चौबीसै घण्टा उपलब्ध हुने छ ।

### ९. अल टाइम भ्वाइस प्याक

अल टाइम भ्वाइस प्याक अन्तर्गत १२ रुपैयाँ देखि ५०० रुपैयाँसम्मका प्याक उपलब्ध छन् । यस अन्तर्गत १४ मिनेट देखि ११०० मिनेट सम्मका भ्वाइस प्याक खरिद गर्न सकिने छ । यी प्याकेज प्रयोग गर्न सकिने समयावधि १ दिन देखि ४२ दिन सम्म हुनेछ । भ्वाइस प्याकको रुपमा एक दिनका लागि १२ रुपैयाँको १४ मिनेट, ३ दिनका लागि ३० रुपैयाँको ४० मिनेट, ७ दिनका लागि ६० रुपैयाँको ७५ मिनेट, २८ दिनका लागि २४० रुपैयाँको ४९० मिनेट र ४२ दिनका लागि ५०० रुपैयाँको ११०० मिनेटको भ्वाइस प्याक उपलब्ध हुनेछ । त्यसैगरी २५ रुपैयाँमा १ दिनका लागि ४० मिनेट र १०० रुपैयाँमा ७ दिनका लागि १९० मिनेटको इकोनोमी प्याक समेत उपलब्ध गराइएको छ ।

### १०. नाइट टाइम भ्वाइस प्याक

नाइट टाइम भ्वाइस प्याक अन्तर्गत ९ रुपैयाँमा १ रातका लागि ६० मिनेट, १५ रुपैयाँमा ३ रातका लागि १७० मिनेट र ३० रुपैयाँमा ७ रातका लागि ३४० मिनेट भ्वाइस प्याक उपलब्ध हुनेछ । सो प्याक अन्तर्गत राती १० बजेदेखि बिहान ६ बजेसम्म कम्पनीकै नेटवर्क भित्र कल गर्न सकिने छ ।

### ११. अनलिमिटेड नाइट भ्वाइस प्याक

यस प्याक अन्तर्गत १२ रुपैयाँमा १ रातभर कम्पनीकै नेटवर्कभित्र जति पनि (असीमित) कल गर्न सकिने छ । सो कल राती १० बजेदेखि बिहान ६ बजेसम्म गर्न सकिन्छ ।

### १२. डे टाइम भ्वाइस प्याक

डे टाइम भ्वाइस प्याक अन्तर्गत ९ रुपैयाँमा बिहान ५ बजेदेखि बेलुकी ५ बजेसम्म गरी ९० मिनेट कम्पनीकै नेटवर्कमा भ्वाइस कल गर्न सकिने छ ।

### १३. एसएमएस प्याक

एसएमएस प्याक अन्तर्गत ५ रुपैयाँमा १ दिनसम्म उपभोग गर्न पाउने गरी २० वटा एसएमएस उपलब्ध गराइने छ । त्यसैगरी १५ रुपैयाँमा ७ दिनसम्म ७० वटा एसएमएस र ६० रुपैयाँमा २८ दिनसम्म ३०० वटा एसएमएस गर्न सकिने छ ।

### १४. एप डाउनलोड गर्दा निःशुल्क डाटा

कम्पनीको एप 'नेपाल टेलिकम' पहिलो पटक डाउनलोड गरी प्रयोग गर्नेहरुका लागि १०० एमबी जीएसएम डाटा निःशुल्क उपलब्ध गराइने छ ।

साथै पहिलेदेखि नै विन्टर अफरका रुपमा उपलब्ध विद्यार्थी अफर, इन्डिया कल अफर, सीयूजी प्याक, एडीएसएल भोलुम बेस्ड प्याकेज, एडीएसएल अनलिमिटेड प्याकेज, एफटीटीएच व्यक्तिगत प्याकेज, एफटीटीएच कर्पोरेट युजर प्याकेज, मिस्ड कल अलर्ट र एफटीटीएचमा निःशुल्क भ्वाइस सुविधालाई निरन्तरता दिइएको छ ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# मा डायल गर्नु पर्ने छ । कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ ।

*(माथि उल्लेख गरिएका सबै दरहरु करसहितका हुन् ।)*



## सामग्री वितरण

नेपाल टेलिकमले भीषण हावाहुरीबाट प्रभावित बारा जिल्लाका जनताहरुको लागि फ्ुल र ओछ्याउने म्याट राहतस्वरुप वितरण गरेको छ । गत चैत १७ गते साँझ एक्कासी आएको हावाहुरीका कारण सो क्षेत्रमा धनजनको क्षति भएको थियो ।

कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गत चैत २० गते बारा जिल्लाको प्रसौनी गाउँपालिका वडा नम्बर ४ को वडा कार्यालयमा आयोजित कार्यक्रममा सो राहत सामग्री वितरण गरिएको हो । कम्पनीका वीरगन्ज क्षेत्रीय निर्देशनालयका निर्देशक अमलेन्दु नारायण सिंहले बारा जिल्लाका प्रमुख जिल्ला अधिकारीको समन्वयमा बारा जिल्लाको प्रसौनी गाउँपालिका अध्यक्ष भोला प्रसाद गुप्तालाई राहत सामग्रीहरु हस्तान्तरण गर्नु भएको थियो ।

कम्पनीले राहत स्वरुप २ सय थान फ्ुल र ११ रोल (करिब ४ सय मिटर) भुँइमा बिछ्याउने म्याट उपलब्ध गराएको थियो ।

## बालिका गृहका लागि फर्निचर हस्तान्तरण

नेपाल टेलिकमले सहारा असहाय बालिका गृहका बालिकाहरुका लागि स्टिल दराज, कुर्सी, टेबललगायतका फर्निचर उपलब्ध गराएको छ । गत चैत १ गते काभ्रेपलान्चोकको धुलिखेलस्थित सहारा असहाय बालिका गृहमा आयोजित कार्यक्रममा कम्पनीका प्रबन्धकद्वय राजेन्द्र श्रेष्ठ र रीना डंगोलले संयुक्त रुपमा बालिका गृहका निर्देशक सुरेनकुमार मकाजुलाई ती सामग्रीहरु हस्तान्तरण गर्नु भयो ।

कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पन्ध्रौ वार्षिकोत्सवको अवसरमा विभिन्न संस्थालाई सहयोग उपलब्ध गराउने कार्यक्रम रहे मुताविक उक्त सामग्रीहरु हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा प्रबन्धक राजेन्द्र श्रेष्ठले कम्पनीका तर्फबाट सामाजिक कार्यमा योगदान गर्न पाउँदा गौरव महसुस भएको बताउनु भयो । त्यसैगरी प्रबन्धक रीना डंगोलले असहाय बालिकाको उज्वल भविष्यको कामना गर्दै सहयोग सामग्रीले केही सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो । सो कार्यक्रममा बालिका गृहका निर्देशक सुरेन कुमार मकाजुले सहयोगको लागि सहारा असहाय बालिका गृह परिवारको तर्फबाट नेपाल टेलिकमप्रति आभार व्यक्त गर्नुभयो ।

सहारा असहाय बालिका गृहमा १० जना असहाय बालिका आश्रित भई नजिकैको विद्यालयमा अध्ययनरत छन् । सो गृह समाज कल्याण परिषदमा दर्ता भई १६ जना स्वयंसेवीद्वारा सञ्चालित छ ।

## वर्कर्स युनियनको दशौं महाधिवेशन सम्पन्न

नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) को दशौं महाधिवेशन सम्पन्न भएको छ । गत चैत २१, २२ र २३ गते विराटनगरमा सम्पन्न उक्त महाधिवेशनले राजेन्द्र प्रसाद जोशीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

महाधिवेशन समारोहका प्रमुख अतिथि पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपालमा २०४६ सालको प्रजातन्त्र प्राप्ति पश्चात् सञ्चार क्षेत्रमा क्रान्ति आएको बताउँदै सरकारी कम्पनीको रुपमा परिचित नेपाल टेलिकमले विश्वमा आएका फोरजी र फाइभजी जस्ता अत्याधुनिक प्रविधि भित्र्याएर प्रतिस्पर्धामा अझै अगाडि बढ्नु पर्ने बताउनु भयो ।

नेपाली कांग्रेसका उपसभापति तथा पूर्व सञ्चारमन्त्री विजयकुमार गच्छदारले तत्कालीन नेपाल दूरसञ्चार संस्थान त्यतिबेला पनि एक सक्षम तथा धेरै आम्दानी गर्ने र राजस्व तिर्ने संस्थाको रुपमा परिचित भएको स्मरण गर्दै हाल निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने भएकाले नयाँ तरिकाले अगाडि बढ्नु पर्ने बताउनु भयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व सञ्चार मन्त्री डा. मिनेन्द्र रिजालले सामाजिक उत्तरदायित्व समेतलाई ध्यानमा राखी कम्पनीले देशका कुनाकाप्चासम्म सेवा पुऱ्याउनु पर्ने र संस्थालाई अग्र गतिमा लैजानका निमित्त व्यवस्थापन र युनियन एक भएर अगाडि बढ्न सुझाव दिनुभयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीका महत्वपूर्ण मानिएका फोरजी, एफटीटीएच, मध्य पहाडी लोकमार्गमा अप्टिकल फाइबर बिछ्याउने आयोजनाहरु समयमै सम्पन्न गर्नका लागि सबै कर्मचारीहरुको सक्रियता आवश्यक पर्ने बताउनु भयो । उहाँले कम्पनी व्यवस्थापन र कर्मचारी युनियनहरु मिलेर संस्था र कर्मचारी हकहितका लागि काम गर्न सकिने बताउनु भयो ।

कम्पनीको आधिकारिक ट्रेड युनियन (तत्कालीन) नेपाल दूरसञ्चार कर्मचारी संघका कार्यवाहक अध्यक्ष लोकबहादुर कटुवालले फोरजी लगायतका आयोजनाहरु कार्यान्वयनको क्रममा रहेको र ती आयोजना समयमै सम्पन्न गर्नका लागि व्यवस्थापनलाई गम्भीर भएर लाग्न आग्रह गर्दै आधिकारिक ट्रेड युनियनले यस्ता आयोजनालाई समयमै सम्पन्न गराउनका लागि निरन्तर अनुगमन गर्ने बताउनु भयो ।

सो अवसरमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अमृत अर्याल, नेपाली कांग्रेस मोरङका अध्यक्ष डिकबहादुर लिम्बु, नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्य, नेपाल ट्रेड युनियन कांग्रेसका पूर्व अध्यक्ष खिलानाथ दाहाल, नेपाल ट्रेड युनियन कांग्रेसका वरिष्ठ उपाध्यक्ष महेन्द्र प्रसाद यादव, नेपाल ट्रेड युनियन कांग्रेसका उपमहासचिव ज्योति कोइराला, यूएनआई नेपालका अध्यक्ष शंकर लामिछाने, नेपाल सार्वजनिक सेवा कर्मचारी संघका अध्यक्ष जनार्दन भट्टराई र नेपाल टेलिकम वर्कर्स युनियनका सल्लाहकार कुमारजङ्ग कार्कीलगायतले कम्पनी व्यवस्थापन तथा युनियनको भूमिका वारेमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

उक्त अवसरमा तत्कालीन नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष दामोदर के.सी. र नेपाल टेलिकम कर्मचारी युनियनका अध्यक्ष धीरेन्द्र प्रसाद दत्तले युनियन र व्यवस्थापन मिलेर अगाडि बढ्नु पर्ने आवश्यकतामा जोड दिदै आगामी दिनमा वर्कर्स युनियनसँग सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताउनु भयो ।

नेपाल टेलिकम वर्कर्स युनियनका तत्कालीन अध्यक्ष राजेन्द्र प्रसाद दाहालले आफ्नो कार्यकालमा युनियनले खेलेको भूमिका बारेमा चर्चा गर्दै नयाँ नेतृत्वले समेत कम्पनीको उन्नती र प्रगतिका लागि सकारात्मक भूमिका खेल्ने अपेक्षा गर्नुभयो ।

## दुई युनियनबीच एकता

नेपाल टेलिकममा क्रियाशील दुई कर्मचारी युनियनहरुः नेपाल दूरसञ्चार कर्मचारी संघ (TEAN) र नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकम (NEONNT) बीच एकीकरण भई नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) को गठन भएको छ ।

गत चैत २८ गते कम्पनीको केन्द्रीय कार्यालयको प्राङ्गणमा एक कार्यक्रमको आयोजना गरी दुवै युनियनबीच एकता भएको घोषणा गर्नुका साथै लोकबहादुर कटुवाल र दामोदर के.सी.को संयोजकत्वमा महाधिवेशन आयोजक समिति गठन गरिएको जानकारी गराइएको थियो ।

एकता घोषणा सभामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले विज्ञान प्रविधिसम्बन्धी संस्था भएकोले नेपाल टेलिकमले खेल्ने भूमिकाले देशकै भविष्यमा असर पार्ने भएको हुँदा प्रतिस्पर्धामा खरो उत्रिनका लागि कम्पनी व्यवस्थापनलाई सहयोग गर्न आग्रह गर्नुभयो ।

सो कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले कम्पनीका धेरै आयोजनाहरु कार्यान्वयनको चरणमा रहेकाले कर्मचारी युनियनको एकताले यस्ता आयोजना सम्पन्न गर्न सहयोग पुग्ने र यसले कम्पनीलाई आमजनताको कम्पनीको रुपमा स्थापित गर्न सहयोग पुग्ने बताउनु भयो ।

उक्त अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कर्मचारी युनियनहरुको एकतासँगै सोच, क्रियाशीलता र काम गर्ने संस्कृतिमा समेत परिवर्तन होस् भन्ने कामना गर्दै यसबाट आगामी दिनमा काम गर्ने स्मार्ट शैलीका साथ कम्पनीका सेवालाई सेवाग्राहीको घरदैलोमा पुऱ्याउन सहयोग पुग्ने अपेक्षा गर्नुभयो ।

नेपाल टेलिकम सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) राजबहादुर रावलले कर्मचारी हकहितका विभिन्न पक्ष बारेमा चर्चा गर्दै आगामी दिनमा कम्पनी र कर्मचारी दुवैको हितका लागि नवगठित युनियनले भूमिका खेल्ने अपेक्षा गर्नुभयो ।

सो अवसरमा नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष राजेन्द्र प्रसाद जोशी, नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) का अध्यक्ष धीरेन्द्र प्रसाद दत्त, पेशागत महासंघ नेपालका अध्यक्ष विश्वनाथ प्याकुरेल, नेपाल राष्ट्रिय कर्मचारी महासंघका सल्लाहकार संयोजक मोहनमान स्वाँर र सार्वजनिक संस्था कर्मचारी संगठनका संस्थापक अध्यक्ष सुनिल कुमार पोखरेललगायतले नवगठित कर्मचारी संगठन आगामी दिनमा कम्पनीलाई अग्रगति प्रदान गर्न सहयोगी बनोस् भनी शुभकामना प्रदान गर्नुभयो ।

सो अवसरमा तत्कालीन नेपाल दूरसञ्चार कर्मचारी संघका कार्यवाहक अध्यक्ष लोक बहादुर कटुवाल र महासचिव यादव प्रसाद पनेरुले एकता घोषणा प्रक्रिया र यसको औचित्य तथा यसका लागि गरिएका गतिविधि बारेमा जानकारी गराउनु भएको थियो ।

तत्कालीन नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमका अध्यक्ष दामोदर के.सी. र महासचिव तेज बहादुर शाहीले नवगठित कर्मचारी संगठन कम्पनीको हितमा सधैं क्रियाशील हुने बताउनु भयो ।

सो अवसरमा गत वर्षको एसईई परीक्षामा सबैभन्दा बढी अंक ल्याउने कर्मचारीका सन्ततीलाई TEAN Scholarship तथा आचार्य मनरुपा सुमन्त बहादुर स्मृति छात्रवृत्ति समेत प्रदान गरिएको थियो ।

## प्रबन्ध निर्देशकको पूर्वाञ्चल ...

(१ पेजको बाँकी)

धनकुटा र बिराटनगरका कार्यालयहरुको निरीक्षण गर्नुका साथै स्थानीय कर्मचारीहरुसँग वस्तुस्थिति बारे छलफलसमेत गर्नुभएको थियो ।

सो क्रममा क्षेत्रीय निर्देशनालय बिराटनगरका निर्देशक अमरनाथ झा, प्रबन्धक राम नरेश कुँवर, प्रबन्ध निर्देशकको कार्यालयका उप-प्रबन्धक तथा कम्पनीका सह-प्रवक्ता कृष्ण प्रसाद भण्डारी, दूरसञ्चार कार्यालय दमकका प्रमुख दिवाकर मिश्र, दूसंका विर्तामोडका प्रमुख प्रशान्त बाबु तिवारी, दूसंका इटहरीका प्रमुख ज्ञानेश दंगाल, दूसंका धरानका प्रमुख सञ्जिव घिमिरे, दूसंका धनकुटाका प्रमुख राकेश चौधरी र दूसंका बिराटनगरका प्रमुख घनश्याम महासेठले कार्यालयका विभिन्न गतिविधिका बारेमा जानकारी दिनुका साथै छलफल कार्यक्रममा सहभागी हुनुभएको थियो ।







# नेपालगञ्ज गतिविधि

नेपाल टेलिकम मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय नेपालगञ्जले चालु आर्थिक वर्षको ६ महिनामा कम्पनीको सेवासम्बन्धी विभिन्न कार्यहरु सम्पन्न गरेको छ । निर्देशनालयले वायरलेस सेवा, वायरलाइन सेवा, ट्रान्समिसन, पावर र अन्य विभिन्न क्षेत्रमा विभिन्न लक्ष्य हासिल गरेको छ ।

### वायरलेस सेवा

यो क्षेत्रमा विगत ६ महिनामा ५२ लाख जीएसएम सेवा विस्तार आयोजना अन्तर्गत ११४ वटा BTS/NodeB सञ्चालनमा आएको छ । ती मध्ये ४९ वटा टुजी साइटहरुमा थ्रीजी थप गरी सञ्चालनमा ल्याइएको र ६५ वटा टुजी जडान गरी सञ्चालन गरिएको छ । विभिन्न नयाँ ठाउँहरुमा बीटीएस जडानको लागि ८२ बीटीएस प्राप्त भई जडानको क्रममा रहेको छ ।

सो क्षेत्रमा थप उपकरणसमेत प्राप्त भएकोले २३ स्थानमा थ्रीजी थप्ने र ४८ स्थानमा पुरानो टुजी हटाउने कार्य आरम्भ भएको छ । दूरसञ्चार कार्यालय कोहलपुरमा सञ्चालनमा रहेको ३० मिटर टावरलाई प्रतिस्थापन गरी ८० मिटरको नयाँ टावरमा जीएसएम/सीडीएमए/वाईम्याक्स तथा ट्रान्समिसन उपकरणहरु सिफ्ट गरिएको छ । ३० मिटरको सो टावरलाई दाङको कोइलाबासमा स्थानान्तरण गरी सेवा उपलब्ध गराइएको छ । सो ठाउँमा VSAT हटाई माइक्रोवेभबाट सेवा सञ्चालनमा ल्याउने कार्य जारी रहेको छ । राष्ट्रिय गौरवको आयोजना भेरी बबई डाइभर्सनको बबई नदीतर्फ टुजी/थ्रीजी बीटीएस जडान गरी सेवा सञ्चालनमा ल्याइएको छ ।

डोल्पाको लाहा र रिमी, मुगुको हयाङ्लु र सुकाढिक तथा दैलेखको राकम गरी विभिन्न ५ स्थानमा VSAT लाई विस्थापन गरी माइक्रोवेभबाट जीएसएम सेवा सञ्चालनमा ल्याइएको छ । आगामी दिनमा हाल स्याटेलाइटबाट सञ्चालनमा रहेका १० स्थानका बीटीएसलाई माइक्रोवेभबाट चलाउने कार्यक्रम रहेको छ । वायरलेस सेवा निर्देशनालय अन्तर्गतको ASTER प्रोजेक्ट र Salasar प्रोजेक्ट अन्तर्गत १०३ स्थानमा टावर निर्माण कार्य जारी रहेको निर्देशनालयले जानकारी दिएको छ ।

फोरजी सेवा विस्तार अन्तर्गत कोर उपकरण जोड्ने कोठा तयार भएको र बीटीएस (eNodeB) उपकरण जोड्न आपूर्तिकर्ता कम्पनीद्वारा साइट सर्भेको कार्य धमाधम भइरहेको छ ।

### वायरलाइन सेवा

बाँके, बर्दिया, प्युठान र हुम्लामा ४ हजार १ सय १६ लाइन टीडीएम प्रविधिको टेलिफोनलाई आईएमएस प्रविधिको स्विचमा रुपान्तरण गरी सञ्चालनमा ल्याइएको छ । विभिन्न ७ स्थानमा ९ सय २८ लाइन क्षमताको नयाँ नोड जडान गरी सञ्चालनमा ल्याइएको छ ।

विभिन्न ४ स्थानमा १ सय २८ पोर्ट एडीएसएल थप गरिएको छ । सो क्षेत्रका विभिन्न स्थानमा एफटीटीएचका १०२४ लाइन जडान भई करिब ८० लाइन वितरण भइसकेको छ । नेपालगन्ज, कोहलपुर, सुर्खेत र दाङमा एफटीटीएच विस्तार कार्य आरम्भ भएको छ ।

### ट्रान्समिसन

नेपालगञ्ज-गुलरिया-रानिमत्ता रुटमा SIAE Hybrid रेडियो जडान गरी रानिमत्ता रिपिटरसम्म थप १ जीबीपीएस ब्यान्डविथ सञ्चालनमा ल्याइएको छ । कालिकोट जिल्लाको माबुको लेकमा रिपिटर स्टेशन सञ्चालन गर्नको लागि टावर निर्माणको क्रममा रहेको छ ।

यस्तै लमही-घोराही-तुलसीपुर बीच २४ फाइबर ADSS जडान कार्य सम्पन्न भई सञ्चालनमा आएको छ । सुर्खेत-रानिमत्ता-दैलेख बीच २४ फाइबर ADSS जडान कार्य सम्पन्न भई सञ्चालनमा आएको छ । छिन्चु-सल्लीबजार रुटका विभिन्न ४ साइटहरुलाई रेडियोबाट ADSS अप्टिकल फाइबरमा प्रतिस्थापन गरिएको छ ।

विभिन्न ९ स्थानमा सोलार तथा ब्याट्री जडान गरी पावर ब्याकअप अपग्रेड गरिएको छ । साथै विभिन्न ठाउँमा विद्युतीकरण, ब्याट्री जडान तथा बिग्रेको रेक्टिफायर परिवर्तन गरी पावर सिष्टम सुधार गरिएको छ । त्यसैगरी वा.से.नि. बाट प्राप्त १६३ र क्षे.नि. नेपालगञ्जबाट खरिद भएको २० ब्यांक ब्याट्री मध्ये १२० ब्यांक जडान सम्पन्न भएको र बाँकी जडानको क्रममा रहेको छ ।

यस क्षेत्रका करिब २० बीटीएस साइटहरुमा सोलार सिष्टम पर्याप्त नभएको हुँदा विद्युतीकरण कार्य जारी रहेको साथै ७० नयाँ तथा पुरानो ठाउँमा जडान गर्नको लागि सोलार उपकरण प्राप्त हुने क्रममा रहेको छ ।

क्षेत्रीय निर्देशनालय नेपालगञ्जले लाइन वितरणतर्फ चालु आर्थिक वर्षको ६ महिनामा तोकिएको वार्षिक लक्ष्यको ५५.४१ प्रतिशत लक्ष्य हासिल गरेको छ । यस अन्तर्गत पीएसटीएनतर्फ ३७.९८ प्रतिशत, जीएसएमतर्फ ५३.७७ प्रतिशत, सीडीएमएतर्फ ८९.५९ प्रतिशत र एडीएसएलतर्फ ५६.८० प्रतिशत लक्ष्य हासिल भएको छ । त्यसैगरी ६ महिनाको अवधिमा राजस्व संकलनतर्फ तोकिएको लक्ष्यको ५१ प्रतिशत सफलता हासिल भएको निर्देशनालयले जानकारी दिएको छ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Krishna Prasad Bhandari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**